# *जाँचबुझ आयोग गठन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** सार्वजनिक महत्वको विषयमा स्वच्छ, निश्पक्ष र स्वतन्त्र रूपमा जाँचबुझ गर्नकोलागि आयोग गठन गर्ने सम्बन्धी प्रचलित कानुनलाई समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "जाँचबुझ आयोग ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले दफा ३ बमोजिम गठन हुने जाँचबुझ आयोग सम्झनु पर्छ ।

(ख) "जाँचबुझ" भन्नाले सार्वजनिक महत्वको विषयमा स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपमा गरिने जाँचबुझ सम्बन्धी काम सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ र सो शब्दले एक सदस्य रहेको आयोग गठन भएमा त्यस्तो सदस्य समेतलाई जनाउँछ ।

(घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

३. **आयोगको गठन:** (१) नेपाल सरकारलाई सार्वजनिक महत्वको विषयमा जाँचबुझ गर्नको लागि आयोग गठन गर्न आवश्यक छ भन्ने लागेमा नेपाल सरकारले जाँचबुझ आयोग गठन गर्न सक्नेछ ।

* आयोगले आर्थिक वर्ष २०६४।०६५ मा सरकारमा पेश गरेको मसौदा ।

नेपाल कानून आयोग

(२) उपदफा (१) बमोजिम गठन हुने आयोगमा एक वा एक भन्दा बढी सदस्यहरू रहन सक्नेछन् । एक भन्दा बढी सदस्यहरू रहने गरी आयोग गठन भएकोमा नेपाल सरकारले तोकेको सदस्य अध्यक्ष हुनेछ ।

(३) नेपाल सरकारले सदस्यको छनौट गर्दा देहायको आधारमा गर्नु पर्नेछः-

(क) जाँचबुझको काम सम्पन्न गर्न सक्ने क्षमता भएको,

(ख) जाँचबुझ सँग सम्बन्धित विषयमा प्रत्यक्ष वा अप्रत्यक्ष स्वार्थ नरहेको ।

(४) नेपाल सरकारले आयोगको गठन सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

४. **आयोगको मुकामः** आयोगको मुकाम आयोगले निर्धारण गरेको स्थानमा रहनेछ ।

५. **शपथ ग्रहणः** अध्यक्षले प्रधानन्यायाधीश समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

६. **सार्वजनिक पदधारण गरेको व्यक्ति मानिनेः** सदस्य र आयोगको काममा संलग्न व्यक्ति सार्वजनिक पद धारण गरेको व्यक्ति मानिनेछ ।

७. **सदस्यको आचरणः** सदस्यले देहाय बमोजिमको आचरण पालन गर्नु पर्नेछः-

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रतिकूल असर पर्ने वा सार्वजनिक शान्ति र सुव्यवस्थामा वा मित्रराष्ट्रसँगको सम्बन्धमा असर पर्ने गरी काम कारवाई गर्न नहुने,

(ख) आयोगको काम कारबाही वा सदस्यको मर्यादामा आँच पुग्ने गरी कुनै काम गर्न नहुने,

(ग) कसैको डर, त्रास वा मोलाहिजामा नपरी निश्पक्ष, स्वतन्त्र र तटस्थ रूपमा आफ्नो ज्ञान र विवेकको प्रयोग गरी कर्तव्य पालन गर्नु पर्ने,

(घ) कुनै लोभ, लालच वा पक्षपात नगरी राजनीतिक वा अन्य प्रभावबाट मुक्त रही आफूलाई सुम्पिएको जिम्मेवारी पूरा गर्नु पर्ने,



नेपाल कानून आयोग

(ङ) आयोगको निमित्त प्राप्त स्रोत र साधनको हिनामिना वा दुरूपयोग गर्न नहुने,

(च) अनुचित लाभ उठाउने उद्देश्यले आफ्नो पदको प्रभाव देखाई काम गर्न नहुने ।

८. **आयोगको काम, कर्तव्य र कार्यावधिः** (१) आयोगको काम, कर्तव्य र कार्यावधि नेपाल सरकारले आयोग गठन सम्बन्धी सूचनामा तोके बमोजिम हुनेछ ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आयोगको काम थप गर्न सक्नेछ ।

९. **आयोगको अधिकारः** (१) आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा देहायका विषयमा प्रचलित कानुन बमोजिम अदालतले पाए सरहको अधिकार प्रयोग गर्न सक्नेछः-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान लिने,

(ख) कुनै कार्यालय वा व्यक्तिलाई कुनै लिखत वा प्रमाण लाग्ने वस्तु आयोगमा पेश गर्न आदेश दिने,

(ग) प्रमाण बुझ्ने, र

(घ) कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने ।

(२) आयोगले उपदफा (१) बमोजिमका अधिकारका अतिरिक्त देहायका अधिकारहरू प्रयोग गर्न सक्नेछः-

(क) जाँचबुझको विषयसँग सम्बन्धित कुनै लिखत वा प्रमाण लाग्ने वस्तु कुनै व्यक्तिको साथमा वा कुनै खास स्थानमा छ भन्ने कुरामा आयोग विश्वस्त भएमा प्रचलित कानुनको अधीनमा रही त्यस्तो व्यक्ति वा स्थानको खान तलासी लिने वा कुनै निजामति वा प्रहरी अधिकृतद्वारा त्यस्तो व्यक्ति वा स्थानको तलासी गर्ने वा गर्न लगाउने ।

(ख) खण्ड (क) बमोजिम खानतलासी गर्दा कुनै लिखत वा प्रमाण लाग्ने वस्तु फेला परेमा त्यस्तो लिखत वा प्रमाण लाग्ने वस्तु

नेपाल कानून आयोग

बरामद गर्ने वा गर्न लगाउने वा लिखतको हकमा पूरै वा आंशिक रूपमा नक्कल लिने वा लिन लगाउने,

(ग) आयोगमा बयान दिन उपस्थित भएको व्यक्तिलाई बयान लिई सकेपछि खोजेको बखत तोकिएको मिति र स्थानमा हाजिर हुने कागज गराई छोड्ने ।

(घ) कुनै व्यक्ति पदमा वहाल रहिरहँदा आफ्नो विरुद्धका प्रमाण लोप वा नाश गर्न सक्ने वा जाँचबुझमा बाधा पुऱ्याउन सक्ने मनासिव कारण भएमा जाँचबुझको काम समाप्त नभएसम्मकोलागि निजलाई निलम्बन गर्न वा अन्यत्र कार्यालयमा खटाई पठाउन सम्बन्धित निकायमा लेखी पठाउने ।

(३) आयोगले उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई उपस्थित गराउन, कुनै लिखत पेश गर्न वा कुनै प्रमाण बुझ्न उपयुक्त म्याद तोक्नेछ ।

(४) उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र उपस्थित नहुने व्यक्तिका नाउँमा आयोगले पक्राउ पूर्जी जारी गर्न सक्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि आयोगले कुनै व्यक्तिलाई बुझ्नु पर्दा आवश्यकतानुसार अन्य उपयुक्त माध्यमबाट बुझ्न सक्नेछ ।

(६) आयोगले यस दफा बमोजिमको अधिकार प्रयोग गर्दा प्रचलित कानुन बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

१०. **साक्षीले आयोग समक्ष व्यक्त गरेको कुरा निजका विरुद्ध प्रमाण नलाग्नेः** कुनै व्यक्तिले साक्षीको रूपमा आयोग समक्ष व्यक्त गरेको कुनै कुरालाई लिएर निज विरुद्ध कुनै मुद्दा वा कानुनी कारवाही चल्ने छैन । त्यस्तो कुरा कुनै अर्को मुद्दामा निज विरुद्ध प्रमाण लाग्ने छैन ।

११. **आयोगको अवहेलनाः** (१) आयोगले आफ्नो अवहेलनामा कारवाई चलाउन सक्नेछ र अवहेलना ठहरिएमा पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

नेपाल कानून आयोग

(२) उपदफा (१) बमोजिम अवहेलनामा सजाय पाएको व्यक्तिले आयोगलाई सन्तोष हुने गरी क्षमा मागेमा आयोगले निजलाई तोकेको सजाय माफी दिन वा घटाउन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगको काममा रचनात्मक सहयोग पुग्ने गरी आधार सहित व्यक्त गरिएको विचारलाई लिएर अवहेलनामा कारवाई चलाईने छैन ।

(४) उपदफा (१) बमोजिम अवहेलनामा चलाईएको कारवाईको टुङ्गो नलाग्दै आयोग विघटन भएमा त्यस्तो कारवाई स्वतः निष्क्रिय हुनेछ ।

(५) उपदफा (१) बमोजिम आयोगले गरेको सजायमा चित्त नबुझेमा पैतिस दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन दिन सकिनेछ ।

१२. **काम कारवाईमा असर नपर्नेः** कुनै सदस्य आयोगको बैठकमा अनुपस्थित रहेको कारणले मात्र आयोगको काम कारवाईमा असर पर्ने छैन ।

१३. **आयोगको कार्यविधिः** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरूको अधिनमा रही आयोगले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ ।

१४. **गोप्य रहनेः** आयोगको जाँचबुझ सम्बन्धी काम कारवाही गोप्य रहनेछ ।

१५. **पारिश्रमिक र सुविधाः** सदस्यको पारिश्रमिक र अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम
हुनेछ ।

१६. **कर्मचारी सम्बन्धी व्यवस्थाः** आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ ।

१७ **विशेषज्ञको राय लिन सक्नेः** आयोगले आफ्नो काममा सहयोग पुऱ्याउनको लागि विशेषज्ञसँग राय परामर्श लिन सक्नेछ ।

१८. **सहयोग गर्नु पर्नेः** आयोगको काममा सम्बन्धित सबैले सहयोग गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

१९. **प्रचलित कानुन बमोजिम कारवाई गर्न बाधा नपर्ने:** आयोग गठन भएको कारणले मात्र कुनै कसुर वा घटनाको सम्बन्धमा प्रचलित कानुन बमोजिम कारवाई चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

२०. **कार्यावधि थप गर्न सक्ने:** आयोगले तोकिएको अवधिभित्र काम सम्पन्न गर्न नसकेमा सो को कारण, आधार, तथा कार्य प्रगति समेत खुलाई नेपाल सरकार समक्ष कार्यावधि थप गर्नकोलागि अनुरोध गरेमा नेपाल सरकारले आवश्यक कार्यावधि थप गर्न सक्नेछ ।

२१. **प्रतिवेदन पेश गर्ने:** (१) आयोगले आफूलाई सुम्पिएको काम सम्पन्न गरी देहायका कुराहरू खुलाईएको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछः-

(क) दफा ८ बमोजिम तोकिएको काम र कर्तव्यको विवरण,

(ख) पहिचान गरेको तथ्य र त्यसको विश्लेषण,

(घ) पुष्ट्याँई सहितको ठहर र त्यसको आधार,

(ङ) सिफारिश ।

(२) प्रतिवेदनमा उल्लेख गर्ने कुनै पनि बुँदामा सदस्यहरू बीच मतैक्य कायम हुन नसकेमा सदस्यहरूले आ-आफ्नो राय उल्लेख गर्न सक्नेछन् ।

(३) बहुमत सदस्यको रायलाई आयोगको सिफारिश मानिनेछ ।

२२. **प्रारम्भिक प्रतिवेदन:** (१) दफा २१ मा जुनसुकै कुरा लेखिएको भएतापनि आयोगले जाँचबुझको विषय र प्रकृतिको गाम्भिरताको आधारमा नेपाल सरकार समक्ष प्रारम्भिक प्रतिवेदन पेश गर्न सक्नेछ ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम प्राप्त प्रारम्भिक प्रतिवेदन आवश्यकता अनुसार कार्यान्वयन गर्न गराउन सक्नेछ ।

२३. **प्रतिवेदन सार्वजनिक गर्नुपर्ने:** नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रतिकूल असर पर्ने वा सार्वजनिक शान्ति र सुव्यवस्था वा मित्रराष्ट्रसँगको सम्बन्धमा असर पर्ने विषय बाहेक प्रतिवेदनमा उल्लिखित अन्य विषय नेपाल सरकारले सार्वजनिक गर्नेछ ।

नेपाल कानुन आयोग

२४. **प्रतिवेदनको कार्यान्वयनः** नेपाल सरकारले आयोगको सिफारिश अध्ययन गरी आवश्यकता अनुसार कार्यान्वयन गर्ने गराउनेछ ।

२५. **आयोगको विघटनः** (१) दफा २१ बमोजिम प्रतिवेदन पेश भएपछि वा आयोगको कार्यावधि समाप्त भएपछि आयोग स्वतः विघटन हुनेछ ।

(२) नेपाल सरकारलाई आयोग कायम राखी राख्न आवश्यक छैन भन्ने लागेमा नेपाल सरकारले सोको आधार र कारण खुलाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आयोग विघटन गर्न सक्नेछ ।

२६. **उन्मुक्तिः** (१) यस ऐन बमोजिम आफ्नो कर्तव्य पालनको सिलसिलामा असल नियतले गरेको कुनै काम कारवाईलाई लिएर कुनै सदस्य वा आयोगको काममा खटिएका कर्मचारी विरुद्ध कुनै कानुनी कारवाही चलाइने छैन ।

(२) कुनै व्यक्तिले आयोगलाई कुनै सूचना, प्रमाण वा राय उपलब्ध गराएको कारणले निज विरुद्ध कानुनी कारबाई चलाइने छैन ।

२७. **परिचय गोप्य राख्नु पर्नेः** कुनै व्यक्तिले आयोगलाई कुनै प्रमाण, राय वा जानकारी उपलब्ध गराएको कारणबाट निजको जीउज्यान, सम्पत्ति, प्रतिष्ठा वा रोजगारीमा प्रतिकूल प्रभाव पर्न सक्ने कारण देखाई त्यसको गोप्यता कायम राख्न आयोगलाई अनुरोध गरेमा आयोगले निजको परिचय गोप्य राख्नु पर्नेछ ।

२८ **खर्चको विवरण सार्वजनिक गर्नुपर्नेः** आयोगले आफूलाई प्राप्त रकम र सोको खर्चको विवरण सार्वजनिक गर्नु पर्नेछ ।

२९. **नियम बनाउने अधिकारः** नेपाल सरकारले यस ऐनको कार्यान्वयनकोलागि आवश्यक नियमहरू बनाउन सक्नेछ ।

३०. **खारेजी र बचाउः** जाँचबुझ आयोग ऐन, २०२६ खारेज गरिएको छ र सो ऐन बमोजिम भए गरेको काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

नेपाल कानून आयोग

# अनुसूची

( दफा ५ सँग सम्बन्धित)

म... ..................................ईश्वरको नाममा/सत्य, निष्ठापूर्वक शपथ लिन्छु कि प्रचलित संविधानप्रति पूर्ण वफादार रही आफूले ग्रहण गरेको ................ पदको कामकाज प्रचलित कानुनको अधिनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराव भावना नलिई इमान्दारी साथ गर्नेछु । आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा बाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

नेपाल कानुन आयोग

| शपथ ग्रहण गर्नेको | शपथ ग्रहण गरेको प्रमाणित गर्नेको |
|---|---|
| (क) नामः | (क) नामः |
| (ख) दस्तखतः | (ख) दस्तखतः |
| (ग) मितिः | (ग) मितिः |
| (घ) सेवाः | (घ) पदः |
| (ङ) श्रेणीः | (ङ) कार्यालयः |

मितिः ....                                                   हस्ताक्षर